भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम अन्तरगत संचालित

# "प्रदेश स्तर युवा लक्षित व्यावसायीक पशुपंछी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५"

## पृष्ठभूमि

देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढीजनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमाकृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । प्रति व्यक्ति प्रति वर्ष दुध ,फुल मासुको आवश्कता क्रमश: ९१ लिटर, १४ किलोग्राम र ४८ गोटा रहेको भए पनि प्रदेश न. २ मा हालको अवस्थामा प्रति व्यक्ति प्रति वर्ष दुध ,फुल मासुको उपलब्धता ६६.९६ लिटर, १३.४९ किलो ग्राम र १७ गोटा मात्र रहेको छ । प्रदेश न. २ लाई दुध , मासु र अण्डामा आतमनिर्भर बनाउन तथा परिवारिक स्तरमा पोषण सूरक्षाको लागीयुवालक्षित कार्यक्रम अन्तर्गत व्यवसायिक रुपमा गाईभैसी, बाखा, बंगुर, कुखुरापालन कार्यक्रमविशेष प्राथमिकताको रुपमा संचालन गर्नु पर्ने देखिन्छ । नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार उत्पादनशिलयुवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षितगरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न र कृषि क्षेत्रको व्यावसायिकरणबाट आय आर्जन बढाउनेउद्देश्यले यस मन्त्रालयबाटसंचालन हुने **युवा लक्षित व्यावसायीक पशुपंछी पालन कार्यक्रम**प्रभावकारी रुपमाकार्यान्वयन गर्न यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम " **प्रदेश स्तर युवा लक्षित व्यावसायीक पशुपंछी पालन कार्यक्रमकार्यान्वयन कार्यविधि,** २०७५" रहेको छ ।

(ख)यो कार्यविधि प्रदेश न. २ को मन्त्रीपरिषदवाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

२ **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

क) **"युवा लक्षित कार्यक्रम"** (Youth Focused Program) भन्नाले युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा वीउ पूँजि सहितको व्यवसायिक पशु उत्पादन (व्यावसायिकगाई/भैसी पालन, बाखा पालन र कुखुरा पालन प्रवर्द्धन कार्यक्रमभन्ने वुझिन्छ ।

ख) **"युवा" भन्नाले** युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका नेपाली नागरिक भन्ने बुझिन्छ ।

ग) **"समिति"**भन्नाले यस मन्त्रालयबाट गठन भएको **युवालक्षित कार्यकम अनुगमन तथा मूल्याँकन मुल समिति** लाई जनाउदँछ ।

घ) **"स्कीम/परियोजना"** भन्नाले पशु उत्पादन (व्यावसायिक गाई/भैसीपालन, बाखापालन र कुखुरापालनकार्यक्रम संचालनको लागि कृषकबाट तयार गरिएकोप्रस्तावनालाईजनाउदँछ ।

ङ)"**पशु विकास कार्यदल**" भन्नाले पशु विकास सम्बन्धी कार्यक्रम संचालनमा सहजकिरणका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा गठित समितिलाई जनाउदछ ।

च)**स्थलगत मुल्यांकन समिति** " भन्नाले युवालक्षित पशु विकास सम्वनधी कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावनाको स्थलगत मुल्यांकनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखले तोकेको वमोजिमको कम्तिमा २ सदस्ययि समितिलाई जनाउंदछ ।

छ) "**सम्वन्धित कार्यालय**" भन्नाले युवा लक्षित व्यावसायीक पशुपंछी पालन कार्यक्रम संचालनका अख्तियारी प्राप्त प्रदेश न. २ मा रहेको पशुपन्छी तथा मत्सय विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा १३८ वटा स्थानिय तहहरुसमेत सम्भनु पर्दछ ।

ज) "**सम्वन्धित निर्देशनालय**"भन्नाले युवा लक्षित व्यावसायीक पशुपंछी पालन कार्यक्रम संचालनको लागि अख्तियारी प्राप्त गर्ने वा अनुगमन मुल्यांकन गर्ने प्रदेश न. २ को भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तरगतको पशुपन्छी तथा मतसय विकास निर्देशनालयलाई सम्भनु पर्दछ ।

झ) "**सम्वन्धित मन्त्रालय**"भन्नाले युवा लक्षित व्यावसायीक पशुपंछी पालन कार्यक्रम संचालनको लागि अख्तियारी प्रदान गर्ने प्रदेश न. २ को भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्भनु पर्दछ ।

३. **उद्देश्यः** : यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्: ।

(क) गाई/भैंसी/बाखा/बंगुर/कुखुरापालन प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि व्यवसायिक कार्ययोजनाको आधारमा आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी सहुलियत अनुदान तोके वमोजिम प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेसिने कार्यलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउनुको साथै दुध, मासु र फुलको आवश्यक्ता परिपुर्ति गर्ने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

(घ)प्रदेश नं. २ लाई दुध, मासु र फुलमा आत्मनिर्भर बनाउने ।

परिच्छेद- २

### ४ प्रस्ताव आव्हान र प्रस्तावना पेश गर्ने विधि

क)सम्वन्धित कायार्लयले वार्षिक स्वीकृत कायक्रम अनसुार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी **युवा लक्षित व्यावसायीक पशुपंछीपालन** कार्यक्रम संचालनको लागी अनुसूची १ वमोजिम राष्ट्रियस्तर तथा स्थानिय स्तरको पत्रिकामा प्रस्ताव आव्हानगर्नेछ ।यस्तो सूचना सम्वन्धित कार्यालयको सूचना पाटीमा अनिवार्य रुपले टांस गरी

स्थानीय तहको पशु सेवा शाखाहरुमा समेत पठाउनु पर्नेछ । कार्यालयको वेव साईट भएमा सोमा समेत प्रकाशित गर्नेछ ।

ख) इच्छुक साझेदारहरुलेसूचनामा उल्लेख भए बमोजिमको अवधिभित्र अनुसूची २ बमोजिमको प्रस्ताव पत्र, अनुसूची ३ बमोजिमका संक्षिप्त व्यावसायिक कार्य योजना, अनुसूची ४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, अनुसूची ५ बमोजिमको सम्बन्धित निकायको सिफारिस पत्र सहित निर्धारित समय सिमा भित्र सम्बन्धित कायार्लयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

ग) बुँदा ४ (ख) मा उल्लेखित सम्बन्धित निकायको सिफारिस भन्नाले कार्यक्रम संचालन हुने स्थानको स्थानिय निकायकोसिफारिस भन्नेबुझिन्छ। .

घ) रित नपगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनाटैका लागी समावशे गरिने छैन ।

ङ.) निवेदन दर्ता गर्दा सम्बन्धित कार्यालयमा रु १०० को राजस्व तिरी नगदी रसिद अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

च) प्रस्तावना पेश गर्दा पुजंगित कार्यको (जस्तै गोठ सुधार, मेशिनरी औजार उपकरण खरिद...... आदि) हकमा सम्बनिधत कृषक व्यवसायीको कम्तीमा ३० प्रतिशत तथा सम्बन्धित कार्यालयको ७० प्रतिशत लगानी हुने गरि कार्ययोजना तयार गर्नु पर्नेछ ।

छ) प्रस्तावना पेश गर्दा सम्बन्धित कार्यालयको लगानी रकमको हकमा स्वीकृत बजेट भन्दा बढी राख्न पाईने छैन ।

ज) यस कार्यक्रममा १८ देखि ५० वर्ष उमेर समुहको युवाहरु मात्र सहभागी हुन पाउने छन् ।

**५. प्रस्ताव मुल्यांकन र स्वीकृत गर्ने विधि**

**क)** युवालक्षित पशु विकास सम्बनधी कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावनाको स्थलगत मुल्यांकनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखले तोके बमोजिमको कम्तीमा ३ सदस्यीय **स्थलगत मुल्यांकन समिति** गठन गरिनेछ ।

**स्थलगत मुल्यांकन समिति निम्नानुसारको रहनेछ ।**

**संयोजक** : ..........................

**सदस्य** : .............................

**सदस्य** : .............................

उक्त समितिले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावनाहरुको प्रथम चरनको छनौट गरि स्थलगत मुल्याकन गर्नेछ । प्रथम चरनको छनौट आवश्यक डकुमेनटको आधारमा गर्नेछ भन्ने सथलगत मुल्यांकन अनुसुची ६ मा तोके बमोजिमको फारम अनुसार मुल्यांकन गरि अनुमोदनको लागि कार्यालय मार्फत पशु विकास कार्यदलमा पेश गर्नेछ ।

**ङ)**युवालक्षित पशु विकास सम्बनधी कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावनाको स्थलगत मुल्यांकनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा **"पशु विकास कार्यदल"** गठन गरिनेछ ।

**"पशु विकास कार्यदल निम्नानुसारको रहनेछ ।**

१.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख ...............संयोजक

२.कृषि ज्ञान केन्द्रको अधिकृत प्रतिनिधि.................................. सदस्य

३.जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि......................सदस्य
४.जिल्ला समन्वय समितिको कार्यालयको अधिकृत प्रतिनिधि ........सदस्य
५.सम्वन्धित जिल्लाको अगुवा कृषक पुरुष एक जना ........................ सदस्य
६.सम्वन्धित जिल्लाको अगुवा कृषक महिला एक जना ........................ सदस्य
७..भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दले तोकेको अधिकृत :१ जना सदस्य सचिव

यसरी गठित पशु विकास कार्यदल" स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावहरको स्थलगत मुल्यांकन विवरणलाई अध्ययन गरि अनुमोदन गर्नेछ । अनुमोदनको लागि आवश्यक परेको खण्डमा कृषकको घरदैलोमा समेत गई स्थलगत मुल्यांकनको नतिजा हेर्न सकिनेछ । अनुमोदन गरिएको प्रस्तावहरको योगयता क्रमको सुची स्वकिृतिको लागि कार्यालय मार्फत **युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समितिमा** पेश गर्नेछ।

च)युवालक्षित पशु विकास सम्बनधी कार्यक्रम संचालनको लागि स्थलगत मुल्यांकनभई पशु विकास कार्यदलबाट समेत अनुमोदन भएको योगयता क्रमको सुची अन्तिम स्वीकृतिको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा **युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समिति** गठन गरिनेछ ।

**युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समिति निम्नानुसारको रहनेछ ।**

१.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख ............... संयोजक
२.मन्त्रालयको पशुपंछी विकास महाशाखा प्रमुख .................. सदस्य
३.निर्देशनालयको पशुपंछी विकास शाखा प्रमुख .................. सदस्य

यसरी गठित **युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समिति ले** स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावहरुको स्थलगत मुल्यांकन विवरण तथा पशु विकास विकास कार्यदलबाट अनुमोदन भएको योगयता क्रमको सुचीलाई स्वीकृत गर्नेछ । योग्यता क्रम सुची स्वीकृत गर्नु अगावै आवश्यक ठानेमा कृषकको घरदैलोमा गई स्थलगत मुल्यांकनको विवरणलाई समेत पुनःमुल्यांकन गर्न सक्नेछ । यस समितिले गरेको मुल्यांकन अन्तिम हुनेछ ।

छ) युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समितिबाटस्वीकृत भएको प्रस्तावना विवरण सुचना पाटीमा टाँस गरि सम्वन्धित व्यवसायी बीच अभिमुखीकरण गरि प्रस्तावित कार्य सम्पन्न गर्नको लागि समय तोकी रकम भुक्तानीको लागि कागजात पेश गर्ने भनी छलफल गर्नेछ ।

ज) प्रस्तावना अनुसारको कायृक्म संचालन गर्नको लागी तोकिए अनुसारको अनुसुची ७ बमोजिम द्विपक्षिय लिखित संम्झौता गर्नु पर्नेछ ।

## ६ भुक्तानीको विधि

क ) कार्ययोजनामा उल्लेख गरिएको कार्यहरु सम्पन्न गरि सोही बमोजिमको बील भरपाईहरु पेश गर्नु पर्नेछ । उल्लेखित कार्य बाहेकको कामको लागि भुक्तानी गरिने छैन ।

सरकार
परिषदको कार्यालय

ख) रकम भुक्तानी गर्दा कार्यालयको तर्फबाट भुक्तानी गरिने रकम कार्य सम्पन्न भए पशचात मात्र एकमुष्ट रुपमा व्यवसायीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

ग) भुक्तानीको लागि निम्न किसिको काजगातहर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

- भुक्तानीको लागि संस्थाको लेटरप्याडमा लिखित निवेदन
- कार्य सम्पन्न भएको स्थानयि तहको सिफारिस पत्र
- रकम भुक्तानी गरिने बैंक खाताको विवरण
- बील बीजकहरुको सक्कल प्रति
- फार्ममा रहेको पशुपन्छीको बीमा गरिएको कागजातहरुको प्रतिलिपी
- द्विपक्षिय संझौता पत्रको प्रतिलिपी

घ) भुक्तानी दिदाँ १.५% टि.डि.एस कट्टी गरी भुक्तानी दिने तर १३% भ्याट रकमको हकमा रकम दाखिला गरेको भौचर पेश गरेको खण्डमा मात्र भ्याट विलको रकम भरत्तानी दिईनेछ ।

ग) सम्वन्धित कायार्लयले सम्वन्धित पूंजिगत खर्च शिर्षकबाट साझदोरी रकम उपलब्ध गराउने युवालक्षित व्यवसायिक पशुपन्छीपालन कायर्कम्र संचालन गर्दा विनियोजित बजटेको ५ प्रतिशत बराबर रकम कन्टिनजेन्सि वापत कट्टा गरी अनगुमन, निरिक्षण, भ्रमण, विषय विशेषज्ञको परामर्श सेवा ,प्रस्ताव मूल्यांकन समितिको बैठक भत्ता, इन्धन, ममर्त सभांर र कायार्लय सचांलन प्रयोजनका लागी खर्च गर्न सक्नेछ। तर सो कुरा सम्वन्धित साझेदारसंग गरिने द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गरिएको हुनु पर्नेछ ।

ङ.) सम्वन्धित कार्यालयले साझेदारसगं द्विपक्षिय सम्झौता गर्दा कुन कायर्कम्र संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधीवाट भक्तानी गरिन्छ भन्ने कुरा स्पष्टखुलाउनु पर्नेछ ।

च) यसमा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

### परिच्छेद- ३

### युवा लक्षित व्यावसायिक गाई /भैसी पालन कार्यक्रम

**७. युवा लक्षित व्यावसायिक गाई /भैसी पालन कार्यक्रम सञ्चालन प्रकृया** : युवा लक्षित व्यावसायिक गाई /भैसी पालन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) प्रस्ताव मुल्यांकन र स्वीकृत गर्ने विधि, प्रस्ताव आव्हान र प्रस्तावना पेश गर्ने विधि र भुक्तानकिो विधि परिच्छेद २ मा उल्लेख भए बमोजिम हुनेछ ।

ख ) **स्कीमको अवधि** यो कार्यक्रम प्रदेश सरकारले निर्णय गरे वमोजीम को अवधि सम्म मात्र संचालन हुने छ ।

ग) **कृषक छनौटका आधारहरु : युवा लक्षित** व्यवसायिक गाई/भैसीपालन कार्यक्रम प्रदेश नं. २ को ८ वटै जिल्लाहरुमा संचालन हुनेछ । यस कार्यक्रममा समावेश हुनको लागि व्यवसायिक गाईभैसी फार्म सम्वनिधत निकायमा दर्ता भई पशु सेवाको सम्वद्ध निकायमा सुचीकृत भएको हुनु पर्नेछ ।

घ) यस कार्यविधि बमोजिम व्यावसायिक गाई /भैसी फार्मलाई निम्नानुसारको तीन समुहमा बर्गिकरण गरिने छ ।

१) **साना व्यावसायिक गाई /भैसी फार्म** : यस कार्यक्रमको लागी ५-१० वटा उन्नत वा वर्णशंकर गाई अथवा ३-५ वटा उन्नत वा वर्णशंकर भैसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको वा शुरु गर्न चाहने फार्महरुलाई मानिने छ ।

२) **मझौलास्तरका व्यावसायिक गाई /भैसी** : ११ देखि २० वटा सम्म उन्नत दुधालु वा वर्णशंकर गाइ अथवा ५-१० वटा उन्नत वा वर्णशंकर भैसी पालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेको वा शुरु गर्न चाहने फार्महरुलाई मानिने छ ।

३) **ठुला व्यावसायिक फार्म** : उन्नत दुधालु वा वर्णशंकर गाई २० भन्दा बढी अथवा १० भन्दा बढी भैसी पालन गरि दुग्ध उत्पादन/प्रशोधन व्यवसाय शुरु गरेको वा शुरु गर्न चाहने फार्महरुलाई मानिने छ ।

घ) **कार्यक्रमका लागि उपलब्ध गराईने अनुदानः**

(१) **साना व्यावसायिक फार्म** : उन्नत वा वर्णशंकर गाई/भैसि खरीद गरी विमा गरीएका उन्नत वा वर्णशंकर गाई/भैसी लागि प्रति गाई/भैसी बढीमारु.२०,०००। (विस हजार मात्र) सम्म नगद अनुदान उपलब्ध गराइने छ ।

(२) **मझौला स्तरका व्यावसायिक गाई/भैसी फार्मको सुदृढीकरणका लागी** : फार्म सुदृढीकरण संग सम्वन्धित कियाकलापहरु कार्यान्वयन गर्न प्रति फार्म वढीमा रु. ३,००,०००/-(तिन लाख)सम्म अनुदान उपलब्ध गराइनेछ ।

**फार्म सुदृढीकरणसंग सम्बन्धित कार्यहरुः**

- गोठ निमार्ण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी ।
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य (कृत्रिम गर्भाधान उपकरण, ग्राइन्डर,च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो आदी ।

(३) **ठूला व्यावसायिक गाई/भैसी फार्मको यान्त्रिकिरणका लागी :- : फार्म यान्त्रीकरणसंग सम्बन्धित कार्यहरु** कार्यान्वयन गर्न प्रति फार्म वढीमा रु. ४,००,०००/-(चार लाख ) सम्म अनुदान उपलब्ध गराइनेछ ।

**फार्म यान्त्रीकरणसंग सम्बन्धित कार्यहरुः**

- मिल्किङ्ग मेसिन/मिल्किङ्ग पार्लर/फोरेज व्लक मेसिन/यू.एम.एम.वी. मेसिन
- मिल्क क्यान/साईलो पिट/डिप वोडिङ्ग/चिलिङ्ग भ्याट/मिल्क एनालाईजर पाश्चुलाईजर/फ्रिज आदि

ङ.) साना, मझौला वा ठुला स्केलका व्यवसायिक गाईभैसी फार्ममा रहेको पशुहरुको वमा अनिवार्य रुपमा गरिएको हुनु पर्दछ । बीमा नगरिएको पशुको संख्यालाई भुक्तानीको लागि गणना गरिने छैन ।

# युवा लक्षित व्यावसायिक बाखापालन कार्यक्रम

**८. युवा लक्षित व्यावसायिक बाखा पालन कार्यक्रम सञ्चालन प्रकृया** : युवा लक्षित व्यावसायिक बाखापालन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क)** प्रस्ताव मुल्यांकन र स्वीकृत गर्ने विधि, प्रस्ताव आव्हान र प्रस्तावना पेश गर्ने विधि र भुक्तानको विधि परिच्छेद २ मा उल्लेख भए बमोजिम हुनेछ ।

**ख ) स्कीमको अवधि** यो कार्यक्रम प्रदेश सरकारले निर्णय गरे बमोजीम को अवधि सम्म मात्र संचालन हुने छ ।

**ग) कृषक छनौटका आधारहरु : युवा लक्षित** व्यवसायिक बाखापालन कार्यक्रम प्रदेश नं. २ को ८ वटै जिल्लाहरुमा संचालन हुनेछ । यस कार्यक्रममा समावेश हुनको लागि व्यवसायिक बाखा फार्म सम्बन्धित निकायमा दर्ता भई पशु सेवाको सम्वद्ध निकायमा सुचीकृत भएको हुनु पर्नेछ ।

**घ) व्यावसायिक बाखा फार्मको वर्गीकरण:** यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाखा फार्महरुलाईनिम्नानुसार वर्गिकरण गरिने छ:

(१) **निजी व्यावसायिक बाखापालन फार्म** : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् २० वटा प्रजनन् योग्य माउ बाखापालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

(२) **समुह वा समितिमा संचालन हुने व्यावसायिक बाखापालन फार्महरु:** कृषक समुह/समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई (**कृषक समुह/समितिमा कम्तीमा ५० वटा बाखा संख्या हुनु पर्ने**) व्यावसायिक मानिने छ ।

(३) **सहकारीमा संचालन हुने व्यावसायिक बाखा पालन फार्महरु** : कसहकारमिा कम्तिमा २५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने सहकारी अन्तर्गतका फार्महरुलाई (**सहकारीमा कम्तीमा २५० वटा बाखा संख्या हुनु पर्ने**) व्यावसायिक मानिने छ ।

**ङ.) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम**

(१) निजी व्यावसायिक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. २,००,००० (दुईलाख पचास हजार)

(२) समुह/समितिमा व्यावसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु ३,००,००० ( तिन लाख )

प्रदेश सरकार

(३) सहकारीमा व्यावसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. ४,००,००० ( चार लाख)

**च) अनुदान रकमको उपयोग**

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् वोकाखरिदरकृ.ग. व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । तर यो रकमबाट बाखाको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइनेछैन ।

छ.) निजी वा समुह/समिति वा सहकारी अन्तरगतको जुन सुकै व्यवसायिक फार्ममा रहेको बाखाहरुको बीमा अनिवार्य रुपमा गरिएको हुनु पर्दछ । बीमा नगरिएको बाखाको संख्यालाई भुक्तानीको लागि गणना गरिने छैन ।

## परिच्छेद-५

## युवा लक्षित व्यावसायिक कुखुरापालन कार्यक्रम

**८. युवा लक्षित व्यावसायिक कुखुरापालन कार्यक्रम सञ्चालन प्रकृया** : युवा लक्षित व्यावसायिक कुखुरापालन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) प्रस्ताव मुल्यांकन र स्वीकृत गर्ने विधि, प्रस्ताव आव्हान र प्रस्तावना पेश गर्ने विधि र भुक्तानको विधि परिच्छेद २ मा उल्लेख भए बमोजिम हुनेछ ।

ख ) **स्कीमको अवधि** यो कार्यक्रम प्रदेश सरकारले निर्णय गरे बमोजीम को अवधि सम्म मात्र संचालन हुने छ ।

ग) **कृषक छनौटका आधारहरु : युवा लक्षित** व्यवसायिक बाखापालन कार्यक्रम प्रदेश नं. २ को ८ वटै जिल्लाहरुमा संचालन हुनेछ । यस कार्यक्रममा समावेश हुनको लागि व्यवसायिक कुखुराफार्म सम्बनिधत निकायमा दर्ता भई पशु सेवाको सम्वद्ध निकायमा सुचीकृत भएको हुनु पर्नेछ ।

घ) **व्यावसायिक बाखा फार्मको वर्गीकरण**: यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाखा फार्महरुलाईनिम्नानुसार वर्गिकरण गरिने छ:

**ब्रोईलर कुखुरा फार्म (मासुको लागि पालिने)**

१.साना स्केलका ब्रोईलस कुखुरा फार्म : ५०० देखि १०००
२.मझौला स्केलका ब्रोईलस कुखुरा फार्म : १००० देखि ३०००
३.ठुला स्केलका ब्रोईलस कुखुरा फार्म : ३००० भन्दा माथि

**लेयर्स कुखुरा फार्म (अण्डा उतपादनको लागि पालिने)**

१.साना स्केलका लेयर्स कुखुरा फार्म : ५०० देखि १०००
२.मझौला स्केलका लेयर्स कुखुरा फार्म : १००० देखि ३०००

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

३.ठुला स्केलका लेयर्स कुखुरा फार्म : ३००० भन्दा माथि

**ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम**

कुखुरापालन फार्म सुदृढिकरणको लागि निम्न अनुसारको रकम प्रतिष्पर्धाको आधारमा अनुदान दिईने छ ।

**ब्रोईलर कुखुरा फार्म (मासुको लागि पालिने)**

१.साना स्केलका ब्रोईलस कुखुरा फार्म : अधिकतम रु १५००००

२.मझौला स्केलका ब्रोईलस कुखुरा फार्म : अधिकतम रु २०००००

३.ठुला स्केलका ब्रोईलस कुखुरा फार्म : अधिकतम रु ३०००००

**लेयर्स कुखुरा फार्म (अण्डा उत्तपादनको लागि पालिने)**

१.साना स्केलका लेयर्स कुखुरा फार्म : अधिकतम रु १५००००

२.मझौला स्केलका लेयर्स कुखुरा फार्म : अधिकतम रु २०००००

३.ठुला स्केलका लेयर्स कुखुरा फार्म : अधिकतम रु ३०००००

**घ) रकमको उपयोग**

१) यस कार्यक्रमबाट उपलब्ध गराईने रकमले कुखुराको लागि खोर निर्माण सुधार, जैविक सूरक्षा सम्वन्धि कार्य, पानी टयांकी, मोटर ,दानापानी खुवाउने भाडा तथा खर्च भएर नजाने उपकरण सामाग्री आदिमा खर्च गर्न पाइने छ ।

२) साना, मझौला वा ठुला स्केलका व्यवसायिक ब्रोईसर वा लेयर्स फार्ममा रहेको कुखुराहरुको बमिा अनिवार्य रुपमा गरिएको हुनु पर्दछ । बीमा नगरिएको कुखुारहरको संख्यालाई भुक्तानीको लागि गणना गरिने छैन ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसूची १

**युवालक्षित व्यवसायिक पशसपन्छीपालन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**कार्यालय:**

**प्रथम पटक प्रकाशित सूचना मिति :**

यस भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ /पशुपन्छी तथा मत्सय विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ......................को आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साझेदारीमा युवाहरुलाई **व्यावसाकिय गाई /भैंसी/बाख्रा/कुखुरापालन** सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखि ५० वर्ष उमेर समुहका अर्धबेरोजगार/बेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम दिनु पर्नेछ । पुनश्च : आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सुचित गरिन्छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु**

१. अनुसूची २ अनुसारको आवेदन फारम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३ अनसुची ४ अनुसारको लागत प्रतिबद्धता पत्र
४ अनसुची ५ अनुसारको स्थानीय तहको सिफारिस पत्र
५. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
६. व्यावसायीक फार्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
७. स्थायी लेखा नं. (पान नं.) को प्रतिलिपि
८ बैदेशिक रोजगारबाट फर्केको हकमा भिसा पासपोर्टको प्रतिलिपी
९.अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि)को प्रतिलिपीहरु ।

अनुसूची - २

प्रदेश सरकार मन्त्रीपरिषदको कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

अनुसूची - २

**युवालक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र**

श्रीमान् प्रमुखज्यू,

...........................................................................

**विषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ................................... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पुनश्च: तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. अनसुची ४ अनुसारको लागत प्रतिबद्धता पत्र
३. अनसुची ५ अनुसारको स्थानीय तहको सिफारिस पत्र
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
५. व्यावसायीक फार्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
६. स्थायी लेखा नं. (पान नं.) को प्रतिलिपि
७. बैदेशिक रोजगारबाट फर्केको हकमा भिसा पासपोर्टको प्रतिलिपी
८. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि)को प्रतिलिपीहरु ।

**निवेदकको**

नाम:

दस्तखत :

फार्मको नाम :

ठेगाना:

संस्थाको छाप

मिति :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

## अनुसूची - ३

## युवालक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना

(नोट : उल्लेखित बुदाँहरुलाई संक्षिप्त रुपमा वर्णन गर्नु पर्नेछ)

१. व्यावसायको परिचय......................................

२. उद्देश्यहरु......................................

३. पशुपालन व्यवसायमा अनुभव......................................

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण......................................

५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु......................................

६.सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण......................................

| क.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. उत्पादित वस्तुको बजार र योजना......................................

८. अपेक्षित वार्षिक प्रतिफल......................................

प्रस्ताव पेश गर्ने

नामः

दस्तखत :

फार्मको नाम :

ठेगानाः

संस्थाको छाप

मिति :

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुची ४

# लागत प्रतिबद्धतापत्र

श्री …………………………… मन्त्रालय/कार्यालयका मिति ………………… का …………… मा प्रकाशित सूचना अनुसार ……………………… न.पा/गाउपालिका …… वार्ड नं. ………………… गांउ/टोल बस्ने श्री …………………………… ले लागत साझेदारीमा …………………………… कार्यक्रम संचालनका लागी पेश गरेका आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु ……………… का …… प्रतिशतले हुन आउने रु …………… अक्षेपी ……………………… बराबरका लगानी आफनो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु।

निवेदकको

दस्तखत:

नाम:

पद:

संस्था :

मिति :

संस्थाकोछाप:

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

अनुसूची ५

सम्बन्धित निकायका सिफारिस पत्र

श्री ............................... मन्त्रालय / कार्यालयका मिति ............................... का ........................ मा प्रकाशित सूचना अनुसार ............................... न.पा / गा.पा ......... वाड नं. ............... गांउ / टोल बस्ने श्री............................... ले लागत साझेदारीमा ............................... कार्यक्रम संचालनको लागी पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम संचालनका लागी उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफरिस गरिएको ब्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखत:

नाम:

कार्यालय

मिति

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

## अनुसूची - ६ स्थलगत मुल्या.कन

### युवा लक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क. स. | द.नं | आवेदक को नाम | ठेगाना | प्रस्तावितत कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१०) | अनुभव/ तालिम (१०) | पालिरहेको गाई भैसीको संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (१५) वा आहारा व्यवस्थापनको श्रोत | बैदेशिक रोजगारबाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको :

| क्र.सं. | नाम | पद | कार्यालय | सम्पर्क न. | हस्ताषर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची - ७

### युवा लक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रम संचाालनको लागि गरिने सम्झौता पत्र

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ /पशुपन्छी तथा मत्सय विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ......................वाट संचालन गरिने चालु आ.व......................को स्वीकृत युवा लक्षित व्यवसायिक पशुपन्छीपालन कार्यक्रम संचालन गर्न भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २ /पशुपन्छी तथा मत्सय विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ......................(यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका फर्म/समुह/ समिति/सहकारी ........................................ (यसपछि दोश्रो पक्ष भनिने) का विच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षिय सम्झौता गरिएको छ।

**तपसिल**

१. प्रथम पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार को कार्य सम्पन्न गरि सके पश्चात एकमुष्ट रुपमा नियमानसार बैंक खातामा अनुदान रकम उपलब्ध गराइने छ।

२. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ३ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम सरकारी बांकी सरह असुल उपरको लागि आवश्यक कारवाही चलाईने छ। व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्था दोश्रो पक्षले गर्नुपर्नेछ।

३. प्रथम पक्षले व्यवसायलाई सफल पार्न नियमित रुपमा व्यवसायको अनुगमन गर्ने छ।

४. व्यवसायिक फर्म/समुह/समिति/सहकारिले प्रत्येक ४ महिनामा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द मार्फत प्रगति प्रतिवेदन वुझाउनु पर्ने छ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

६. पशु सेवा विभाग र यस मातहतका निकायहरुबाट गरिने/गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोश्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ।

७. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

८. प्रस्तावनामा पेश गरे अनुसारको कार्य बाहेकको काम गरेमा प्रथम पक्षले भुक्तानी दिन बाध्य हुने छैन।

**उपरोक्त शर्तहरु मंजुर गरी सहि छाप गरि दियौं /लियौं।**

| प्रथम पक्षबाट | दोश्रो पक्षबाट |
|---|---|
| स्ही : | स्ही : |
| नाम: : | नाम: |
| पद: : | पद |
| कार्यालय: : | ठेगाना : |
| कार्यालयको छाप : | संस्थाको छाप: |
| रोहबर | रोहबर |
| स्ही : | स्ही : |
| नाम : | नाम : |
| पद : | पद : |
| इति सम्वत ........................................ | |